फोन नं. : ४२६२३२६, ४२६२४१६, ४२६२५१८, ४२६२९२३
FSSD : ४१११११९, ४१११०७५, ४१११०४२
फ्याक्स : ९७७-१-४२६२५१६, ४१११११९८
इमेल : cnsatm@mos.com.np
केबल : AIRCIVIL
AFTN : VNKTYAYX

# नेपाल नागरिक उड्डयन प्राधिकरण

प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल ।

शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र

पत्र संख्या:- ०७९।८० (सं.स.) च.नं. ५६ मिति:- २०७९।०४।०५

गोप्य
अत्यन्त जरुरी

**विषय : बैठकमा उपस्थिति सम्बन्धमा ।**

शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र

माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री एवं नेपाल नागरिक उड्डयन प्राधिकरण संचालक समितिका अध्यक्षज्यूबाट निर्देशन भए बमोजिम नेपाल नागरिक उड्डयन प्राधिकरण संचालक समितिको ४०३औं बैठक निम्न मिति, स्थान र समयमा बस्ने भएकोले यहाँको अनिवार्य उपस्थितिका लागि आदेशानुसार अनुरोध गर्दछु ।

मिति : २०७९।०४।०८ गते आईतवार ।
स्थान : पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल,
सभाकक्ष, पोखरा ।
समय : अपरान्ह ५:३० बजे ।
एजेण्डा : संलग्न बमोजिम ।

शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र

(इ. प्रदीप अधिकारी)
महानिर्देशक

सादर अवगतार्थ :
माननीय मन्त्रीज्यू,
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार ।

शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र

नेपाल नागरिक उड्डयन प्राधिकरण
संचालक समितिको मिति २०७९।४।८ मा बस्ने
४०३ औं बैठकमा छलफलका लागि
एजेण्डाको सूची

एजेण्डा नं. १) पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल संचालन सम्बन्धमा ।

एजेण्डा नं. २) पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको रेन्वे स्ट्रिपको पूर्वपट्टि हवाई सुरक्षार्थ अवरोधजन्य/जोखिमजन्य अवस्थामा रहेको रिट्टेपानी डाँडा कटान सम्बन्धमा ।

शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र

एजेण्डा नं. ३) नेपाल नागरिक उड्डयन प्राधिकरणको आर्थिक बर्ष २०७९/०८० को नीति, बजेट तथा कार्यक्रम स्वीकृति सम्बन्धमा ।

एजेण्डा नं. ४) ने.ना.उ.प्रा. र नेपाल सरकारको शेयर तथा ऋण रकम समयोजना गर्ने सम्बन्धमा ।

एजेण्डा नं. ५) **विविध :**

**नेपाल नागरिक उड्डयन प्राधिकरण**
**संचालक समितिको मिति २०७९।४।८ मा बस्ने**
**४०३ औं बैठकमा छलफलका लागि**
**एजेण्डाको सूची**

शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र

एजेण्डा नं. १) पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल संचालन सम्वन्धमा ।

एजेण्डा नं. २) पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको रेन्वे स्ट्रिपको पूर्वपट्टि हवाई सुरक्षार्थ अवरोधजन्य/जोखिमजन्य अवस्थामा रहेको रिट्ठेपानी डाँडा कटान सम्बन्धमा ।

एजेण्डा नं. ३) नेपाल नागरिक उड्डयन प्राधिकरणको आर्थिक बर्ष २०७९/०८० को नीति, बजेट तथा कार्यक्रम स्वीकृति सम्बन्धमा ।

शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र

एजेण्डा नं. ४) ने.ना.उ.प्रा. र नेपाल सरकारको शेयर तथा ऋण रकम समयोजना गर्ने सम्बन्धमा ।

एजेण्डा नं. ५) विविध :

(क) बिलम्ब शुल्कमा छुट दिने सम्बन्धमा ।

(ख) पोखरा विमानस्थलमा रहेको कि.नं. १३९० को जग्गा पार्किङ्गको लागि भाडामा लगाउने सम्वन्धमा ।

शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र

(ग) विमानस्थल सेवा शुल्क नियमावली, २०७८ बमोजिमको यात्रु सेवा सुविधा शुल्क उठाउने सम्वन्धमा ।

(घ) उपनिर्देशक श्री धिरेन्द्र बहादुर सिंहको मिति २०७८।११।३० देखि २०७९।३।१८ सम्मको असाधारण विदा स्वीकृत गर्ने सम्बन्धमा ।

**एजेण्डा नं. १/४०३**

**१.विषय: <u>पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको संचालन सम्बन्धमा ।</u>**

सञ्चालक समितिमा प्रस्ताव पेश गर्ने व्यवस्थापनको स्वीकृति मिति २०७९/०४/

**<u>२. विषय सम्बन्धी संक्षिप्त ब्यहोरा :</u>**

नेपाल सरकार मन्त्रीपरिषद् मिति २०७२।१२।४ को निर्णयानुसार पोखरा स्थित छिन्नेडाँडामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने निर्णय भएको । सो स्थानमा नेपाल सरकारले २०३२ साल देखी नै ३१०६ रोपनी जग्गा अधिग्रहण गरेको र नेपाल नागरिक उड्डयन प्राधिकरणबाट ७९३ रोपनी जग्गा थप अधिग्रहण गरि जम्मा ३८९९ रोपनी जग्गाको क्षेत्रफल कायम भएको । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणको लागि नेपाल सरकार र चिनियाँ सरकार बीच मिति 21 March 2016 (१० चैत्र २०७३) मा ऋण सम्झौता भए पश्चात् मिति २०७३ बैशाख १ गते तत्कालिन सम्माननिय प्रधानमन्त्री ज्यूबाट शिलान्यास भएको । निर्माण व्यवसायी श्री China CAMC Engineering Co. Ltd द्वारा मिति 11 July 2017 बाट निर्माण कार्य शुरु गरि हाल निर्माण कार्य अन्तिम चरणमा पुगेको ।

नेपालको पर्यटकीय नगरी तथा मनोरम प्रकृतिको बीचमा रहेको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल ICAO को Aerodrome Reference Code 4D Category मा पर्ने, ICAO Airport Code VNPR प्राप्त यस विमानस्थलमा Safety, Security and Facilitation को स्तरीय प्रबन्ध रहेको । यस विमानस्थलका मुख्य विशेषताहरुमा:

- 2500 मिटरको Runway,
- वायुयान पार्किङ्ग क्षमता
  - International Aircraft Parking - 3
  - Domestic Aircraft Parking क्षमताको Apron (417m x 129m ), - 8
- Parallel Taxiway (900m),
- Link Taxiway -03
- Isolated Aircraft Parking Bay -1
- सुविधासम्पन्न Terminal Building
- 14 Ancillary Buildings,
- Hangar Area (6055.95 square meter),
- ARFF - Fire Fighting Category – VIII (3 Fire Trucks + 1 Ambulance),
- Communication System (VCCS),
- Navigation System (DVOR/ DME, ILS Category-I),
- X-Ray Machine

र हवाई सुरक्षाका उपकरणहरु समेत जडित यस विमानस्थलमा नेपालका विमानस्थलमा पहिलो पटक जडान गरिएका,

- Whole Body Scanner
- Passenger Boarding Bridge 2 Nos,
- Wide Area Multilateration (WAM)- Aircraft Surveillance System समेतका सुविधाहरु रहेका ।

यस पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य करिव ९८% सम्पन्न भईसकेको तथा यन्त्र उपकरणहरु जडान भैसकेको, र विमानस्थल सञ्चालन तथा तयारी कार्यदलले मिति २०७७ माघ ५ गतेबाट आफ्नो कार्य अगाडी बढाई विमानस्थल सञ्चालनका लागि आवश्यक पर्ने Documents समेत महानिर्देशक ज्यूबाट स्वीकृत

शिलापत्र शिलापत्र शिलापत्र

भैसकेको र कार्यदलले Seamless Operation का लागि कार्य गरिरहेको । विमानस्थल सञ्चालनका लागि आवश्यक मानव संसाधनका लागि संगठन संरचनाको स्वीकृतीको प्रकृयामा रहेको र आवश्यक जनशक्तिलाई संचालन तालिम दिने कार्य समेत अगाडी बढिरहेको । विमानस्थल सञ्चालनको लागि आवश्यक पर्ने Document, Equipment तथा Human Resource आगामी December सम्ममा पूर्ण तयारी हुने । पुष १७ देखी विमानस्थल स्थानान्तरण तथा सञ्चालन गर्न उपयुक्त देखिएको तथापि विमानस्थल संचालन गर्नु पुर्व रिठ्ठपानी डाँडा कटान र ल्याण्डफिल साइटको स्थानान्तरण हुनु अनिवार्य शर्त रहने ।

**३. प्रस्ताव पेश गर्नुपर्ने कारण :**

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य करिव ९८% सम्पन्न भईसकेको । विमानस्थलमा जडान भएका संचार तथा उड्डयन सहाय उपकरणहरु मुख्यतया VCCS को Commissioning , DVOR/DME तथा Instrument Landing System (ILS) को Flight Calibration र Commissioning को मात्र काम बाँकी रहेको । Aerodrome Certification समेतको कार्य दोस्रो चरणमा पुगिसकेको राष्ट्रिय गौरवको यस आयोजनाको निर्माण कार्य निकट भविष्यमा सम्पन्न हुन गईरहेको, आर्थिक गतिविधिलाई चलायमान बनाउन, रोजगारीको अवसर बढाउन तथा स्तरीय यात्रुसेवा सुविधा अभिवृद्धि गर्नको साथै विमानस्थलबाट प्राधिकरण र नेपाल सरकारलाई राजश्वमा बढोत्तरी गर्नका लागि विमानस्थललाई यथाशिघ्र संचालनमा ल्याउन आवश्यक रहेको ।

**४. प्राप्त राय, परामर्श तथा अन्य प्रासंगिक विषय:**

ICAO को Standard अनुसार विमानस्थलको निर्माण भएको, विमानस्थल संचालन तयारी कार्यदलको विश्लेषण, परामर्शदाता र आयोजनाका प्राविधिकबाट गरिएको अध्ययन तथा निरिक्षणबाट प्रस्तावित मितिमा विमानस्थल संचालन गर्न सकिने निश्चित गरिएको । यो विमानस्थल सञ्चालन हुँदा यस क्षेत्रको पर्यटन प्रर्वद्धन हुने र देशको विदेशी मुद्रा संचितमा वृद्धि हुने, रोजगारीको अवसर बढ्ने देखिन्छ ।

**५. व्यवस्थापनको सिफारिश तथा निर्णय :**

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण करिब ९८% निर्माण सम्पन्न भईसकेमा चिनिया विदेश मन्त्रीज्यूबाट नेपालका विदेश मन्त्रीज्युलाई Major Infrastructure, Construction and Installation Work Completion Ceremony तथा Symbolic Key Handover कार्य मिति 26 March 2022 (२०७८/१२/१२) समेत भैसकेको हुँदा यो विमानस्थल सञ्चालनमा ल्याउनको लागि नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिमा मिति २०७९/०४/६ को निर्णय अनुसार प्रस्ताव पेश गर्नु पर्ने ।

**६. निर्णय हुनुपर्ने ब्यहोरा :**

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको मिति २०७९ साल पौष १७ गते तद् अनुसार 1st January 2023 देखी सञ्चालन गर्ने गरि निर्णय हुनुपर्ने ।

....................... .......................

विक्रम राज गौतम
निर्देशक

ई. प्रदीप अधिकारी
महानिर्देशक

शिलापत्र

एजेण्डा नं. २/४०३

१ विषय: <u>पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको रेन्वे पूर्वपट्टि हवाई उडान सुरक्षार्थ अवरोधजन्य/जोखिमजन्य अवस्थामा रहेको रिट्ठेपानी डाँडा कटान सम्बन्धमा।</u>

शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र शिलापत्र

**यस सम्वन्धी प्रस्ताव बैठकमा नै पेश गरिनेछ।**